परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ९ ❑ अंक ८ २०७७ भाद्र २८ गते आईतवार Sunday 13, SEP, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## कोरोना संक्रमणबाट मृत्यु भएकालाई दाहसंस्कार गरी समाज सेवा गर्ने यूवाहरुको लक्ष्य



विराटनगर । समाज सेवा गर्ने समाजको व्यक्तिहरुको आ-आफ्नै तरीका हुन्छ सोही मध्ये विराटनगरका केही यूवाहरुले कोरोना संक्रमणबाट मृत्यु भएका व्यक्तिहरुको मृत शरिरलाई दाहसंस्कार गरी समाज सेवा गर्ने लक्ष्य लिएका छन् ।

कोरोना संक्रमितको मृत्यु भएपछि शवलाई नेपाली सेनाको जिम्मा लगाएपछि नेपाली सेनाले शवलाई व्यवस्थापन गर्दै आएको थियो । सेना प्रति विभिन्न टिका टिप्पणी समेत आई रहेकोले हामीले परिवारको सदस्यहरुकै रोहवरमा र जातिय परम्परा अनुसार दाहसंस्कार गरी दिने विराटनगर महानगर पालिका वडा नं. ३ का युवा राम नेपालले वताए ।

त्यसैगरी कोरोना संक्रमितको दाह संस्कार अभियानमा संलग्न भएका विराटनगर महानगर पालिका वडा नं. ५ का यूवा रविन कार्कीले भने हामीले सवभन्दा पहिले कोरोना संक्रमितको घरमा सेनिटाईज गर्ने काम गऱ्यौ । कोरोना संक्रमितको दाहसंकारको क्रममा नेपाली सेनाले परिवार, नाता, आफन्त कसैलाई पनि मृतकको मुख सम्म पनि हेर्न नदिने दाहसंस्कारमा समेत सामिल हुन नदिने भन्दै गुनासो आएपछि हाम्रो टिमले कोरोना संक्रमितको दाहसंस्कारमा सुरक्षा सावधानी अपनाई परिवारका सदस्यहरुलाई समेत राखेर संक्रमितको दाहसंस्कार गर्न लागेका छौ ।

समाजमा कसैले धन, कसैले श्रम

वांकी अन्तिम पेजमा...

## ब्राउनसुगर सहित एग्रो भेट संचालक पक्राउ

झापा । झापाको बिर्तामोड बगरपालिका वडा नं. ३ बाट नियन्त्रीत लागुऔषध ब्राउनसुगर सहित १ जना पक्राउ परेका छन् ।

बिर्तामोड नगरपालिका वडा नं. ३ मा गोपाल गौतमले संचालन गरेको गोपाल एग्रोभेटमा लागुऔषध ब्राउनसुगरको कारोवार हुने गरेको भन्ने गोप्य सूचनाका आधारमा शुक्रवार ईलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरी टोलीले उक्त एग्रोभेटबाट २२ ग्राम नियन्त्रीत लागुऔषध ब्राउनसुगर बरामद गरेको थियो ।

लागुऔषध ब्राउनसुगर बरामद भएसंगै एग्रोभेट संचालक ३० बर्षीय गोपाल गौतमलाई समेत नियन्त्रणमा लिई थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय अनारमनीले जनाएको छ ।

मोरङको २ स्थानबाट नियन्त्रीत लागुऔषध गाँजा र ट्याब्लेट सहित ४ जना पक्राउ परेका छन् । शुक्रवारे ईलाका प्रहरी कार्यालय केरावारीबाट खटिएको प्रहरी टोलीले नियन्त्रीत लागुऔषध गाँजा सहित ३ जनालाई पक्राउ गरेको हो । गस्तिमा खटिएको प्रहरी टोलीले केरावारी १० गैह्रीगाउँ स्थितमा पैदल हिडिरहेका धरान उपमहानगर पालिका वडा नं. १५ को अजय तामाङ, च्यामन राई र लेटाङ नगरपालिका वडा नं. ७ को रोहन तामाङलाई चेकजाँच गर्दा निजहरुको साथबाट १ केजी गाँजा बरामद भएको थियो ।

त्यसैगरी ईलाका प्रहरी कार्यालय बुधनगरबाट खटिएको प्रहरी टोलीले लागुऔषध ट्याब्लेट सहित १ भारतिय नागरीकलाई पक्राउ गरेको छ ।

शुक्रवार भारत पिप्राहा बिष्णुपुर बस्ने दिपेश यादव ७५ एम्पुल डाईजेपाम सहित पक्राउ परेका हुन् । बीआर-३८ एच ६३५९ नम्बरको मोटरसाईकलमा सवार रहेका यादवलाई रोकेर चेकजाँच गर्ने क्रममा मोटरसाईकलको सिट मुनी लुकाई

वांकी अन्तिम पेजमा...

## महान जितिया पर्व सम्पन्न

विराटनगर । नेपालमा ताराई मधेशमा बसोवास गर्ने मधेसी जनजाति, दलित र उच्चवर्गका महिलाहरुले मनाउने जितिया पर्व विधीवत रुपमा सम्पन्न गरेको छ ।

जितिया पर्व शूरु भएको ३ दिन सम्म मनाउने गरीन्छ । यस वर्षको जितिया पर्व २४ गत शुरु भई २६ गते सम्पन्न भएको छ । यो पर्व ठाउँ विषेश अनुसार फरक( फरक हुन्छ । कतै विवाह पश्चिात महिलाहरु जितिया पर्वको उठान अर्थात शुरुवात गर्दछन् भने कतै विवाह पश्चित सन्तान प्राप्ति पछि मात्र जितिया पर्व शुरु गर्दछन् ।

जितिया पर्वको लागि उपवास बस्ने महिलाहरुले घर आगन लिपपोत गरी विहान नदी, कुवा, पोखरी, ट्यूवेल लगायत स्थानमा खल्ली, तोरीको तेल, सिन्दुर, केराको पात, तुलसीको पात, अगरवत्ती सामग्रीहरु लिएर स्नान गर्ने ठाउँमै पुजापाठ गरी जितिया पर्वको आरम्भ गरिन्छ ।

त्यस पश्चित दिनभरी मिठा( परिकारका खानाहरु खने रमाइलो गर्ने बेलुका पख ब्रतालुहरु घिरौंलाको पातमा भगवान जितमाहन र दिवङ्गत पितृलाई प्रसाद चढाइ पुजा सुरु गर्छन् । त्यसपछि सुर्योदय हुनुपूर्व विशेषगरी माछा, दही, चिउरा, ओल, मिष्ठान लगायतको परिकार खाने गरिन्छ । दिन भरको खान पिन पछि फेरी सुर्यउदाय हुनुभन्दा ३/४ घण्टा पहिले स(परिवार भोजन गर्ने प्रचलन रहेको छ जसलाई 'ओड्गन' भनिन्छ । भोलि अष्टमीका दिन चराचुरुङ्गी

वांकी अन्तिम पेजमा...

## प्रदश १ मा संक्रमणबाट ४७ को मृत्यु

विराटनगर । प्रदेश नं. १ मा कोरोना संक्रमणका महामारीबाट ४७ जनाका मृत्यु भएको छ । जसमध्ये महिला १३ जना र पुरुष ३४ जनाको मृत्यु भएको छ ।

जस मध्ये प्रदेश नं. १ को मोरंग जिल्लामा २७ जना, सुनसरीमा ६ जना, झपामा २ जना र अन्य प्रदेशका १२ जना रहेको छ । मृत्यु हुने ३५ जना प्रदेश १ का हुन भने १२ जना प्रदेश २ का रहेका छन् ।

प्रदेश नं. १ मा मोरंगमा सवैभन्दा बढी २७ जनाको मृत्यु भएको छ । विराटनगरमा १७, बुढीगंगामा ४, ग्रामथान, बेलबारी, पथरीशनिश्चरे, धनपालथान, रङ्गेली, सुनबर्षीमा १-१ जनाको मृत्यु भएको छ । नेपालभरी कोरोना संक्रमणवाट मृत्यु हुनेको संख्या ३ सय ३६ पुगेको छ ।

शनिवार मात्रै प्रदेश १ मा ७७ कोरोना संक्रमित थपिएका छन् । मोरंगमा ६२, सुनसरीमा १४ र उदयपुरमा १ जनामा संक्रमण देखिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार विराटनगरमा ४६ जनामा संक्रमण देखिएको छ । २१ महिला र २५ पुरुषको रिपोर्ट पोजेटिभ रहेको छ ।

मोरंगको बुढीगंगामा ५ महिला ५ पुरुष, कटहरीमा ४ पुरुष, ग्रामथानमा १ पुरुष र सुन्दरहरैचमा १ महिला, सुनसरीको इटहरीमा २ महिला ६ पुरुष, इनरुवा र धरानमा

वांकी ३ पेजमा...

## उद्योग भित्र ट्रक चालकको शव

विराटनगर । कुखराको दाना उत्पादन गर्ने एक उद्योग भित्र ट्रक चालकको शव भेटिएका छ ।

प्रदेश नं. १ मोरङको बूढीगंगा गाउँपालिका वडा नं. २ मा रहेकों उद्योग परिषरभित्र ट्रकका चालकको शव भेटिएको छ ।

ट्रकबाट खसेर मृत्यु भएको अवस्थामा बीआर ११ जीए ०७६१ नम्बरको ट्रकका चालक भारतको विहार पूर्णियाका इद्रजीत मण्डलको शव भेटिएको छ । उनी नेपाल वेल होप एग्रिटेक प्रालि अन्तर्गतको विजय पेलेट दाना उद्योगका लागि भारतबाट मकै ढुवानी गर्ने चालक रहेको पुष्टि भएको प्रहरीले जनाएको छ ।

मोरङ प्रहरी प्रमुख एसपी सन्तोष खड्काका अनुसार मण्डल खाना खाएर गएराति त्यही ट्रकमा लोड गरिएको मकैको बोरामाथि सुतेको पाइएको छ । मकैको बोरामाथि सुतेका ट्रकका चालकलाई भुइँमा खसेको अवस्थामा मृत फेला पारिएको एसपी खड्काले बताउनु भयो । उनी बिहीबारराति भारतबाट खुकुराका लागि दाना उत्पादन गर्न आवश्यक पर्ने मकै लिएर आएका थिए ।

ट्रकमा लोड गरिएको मकै अनलोडको पर्खाइमा रहेका चालक खाना खाएर गएराति ट्रकमाथि सुतेको र तल खसेर मृत्यु भएको अवस्थामा आज बिहान शव भेटिएकोभन्दै उद्योगले प्रहरीलाई जानकारी दिएको छ ।

निधाएका बेला चाल नपाएर

वांकी अन्तिम पेजमा...

SUKRATARA FURNITURE UDYOG

BIRATNAGAR

9842033365
9805391277



All types of Fabrication, Furniture, Prefab, Truss are available.

Email Id: chattdev007@gmail.com

## कोरोना...

र कसैले मनले समाज सेवा गरको हुन्छ। हामीले धन लगानी गरेका छैनौ तर मन र श्रमले अहिले कोरोना महामारीको विषम परिस्थितिमा मृत शरिरलाई व्यवस्थपन गर्नु चुनौतिको विषय रहेकोले हामी युवाहरु त्यो चुनौतिलाई स्वीकार गर्दै कोरोना संक्रमणवाट मत्यु भएकाहरुलाई दाहसंस्कार गर्न लागि परेको विराटनगरका युवा अभियान्ता सुयोग चापागाईले वताए।

शवको दाहसंस्कार गर्नको लागि चाहिने सुरक्षा सामग्रीहरुको जोहो प्रदेश नं. १ का सांसद विन्दिया कार्कीले गरि दिएको छ। यस अभियानमा दर्जनौ यूवाहरुको सहभागी रहेको दिपक चापागाईले वताए।

दाहसंस्कार गर्ने अभियान्ताहरुले कोरोना संक्रमणवाट मृत्यु भएकाहरुको त्यसैको जात- जाति, धर्म र रितिरीवाज अनुसारको दाहसंस्कार गरिदिने भएको छ। शवको दाहसंस्कार पछि ती यूवा अभियान्ताहरु अतिथी सदनको क्वारेन्टाईनमा बस्नुहुन्छ।

## महान...

कराउनु अगावै सुर्य उदाउनु पूर्व ओटगन खाएर सुरु गरिएको व्रतमा ब्रतालुहरु दिनभर, रातभर उपवास बस्ने गर्दछन्।

उपवास बसेको भोलीपल्ट विहान 'पारन' अर्थात पुजापाठ गरी शुरुमा तुलसीको पात खाएर अनी मात्र भोजन गरी जितिया पर्व सम्पन्न हुन्छ। सन्तानको दीर्घ जीवन, पुत्रप्राप्ति तथा पारिवारिक सुख शान्तिका लागि मनाइने जितिया पर्वको धार्मिक सांस्कृतिक तथा तान्त्रिक महत्व समेत रहेको छ। राजा शालिवहानको राज्यमा एउटी महिलाका सात जना छोरालाई दैत्यले उठाएर लगेपछि राजाले सातै छोरालाई दैत्यबाट फिर्ता ल्याइदिएका कारण महिलाले त्यस दिनदेखि शालिवहानलाई जितमाहान नामाकरण गरी राजाको सम्झनामा उपवास बसेको पौरानिक कथा छ।

## ब्राउन...

छिपाई राखेको अवस्थामा उक्त परिणामको लागुऔषध बरामद भएको थियो।

लागुऔषध सहित पक्राउ परेका चारै जनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

## प्रदेश १...

२-२ पुरुष, रामधुनी र दुहवीमा १-१ पुरुष र उदयपुरको बेलकामा १ पुरुषको रिपोर्ट पोजेटिभ आएको सामाजिक विकास मन्त्रालयले जनाएको छ। प्रदेश १ मा कोरोना संक्रमितको संख्या ४ हजार ६९६ पुगेको छ।

प्रदेश १ मा ३६ जना डिस्चार्ज भएका छन्। कालि सदन आईसोलेसन विराटनगरबाट २०, बैजनाथपुर आईसोलेसन विराटनगरबाट ९, मारवाडी सेवा सदन आईसोलेसनबाट ४ र कोभिड १९ आईसोलेसन केन्द्र रंगेलीबाट ३ जना डिस्चार्ज भएका हुन।

प्रदेश १ मा डिस्चार्ज हुनेको संख्या २ हजार ५६ पुगेको छ। प्रदेश १ मा १ हजार २१२ जनाको पीसीआर परीक्षण भएको छ। परीक्षण गरिएका मध्ये २९ महिला र ४८ पुरुषको रिपोर्ट पोजेटिभ आएको छ। मन्त्रालयका अनुसार हाल सम्म १ लाख ६ हजार ९८६ जनाको पीसीआर परीक्षण गरि गरि सकिएको छ।

## उद्योग...

ट्रकबाट खसेपछि उनको मृत्यु भएको हुन सक्ने अनुमान प्रहरीले गरेको छ। प्रहरीले शव पोस्टमार्टमका लागि कोशी अस्पताल लगेर घटनाको अनुसन्धान सुरु गरिएको जानकारी दिएको छ।

## पक्राउ परेका १७ मध्ये १मा कोरोना पुष्टी

काठमाडौं। ललितपुरको पुल्चोकमा ट्राफिक प्रहरीलाई कुटपिट गरेको अभियोगमा पक्राउ परेका १७ जनामध्ये एकजनालाई कोरोना संक्रमण पुष्टी भएको छ।

महानगरीय प्रहरी परिसर, ललितपुरले म्याद थप गर्नुअघि गरेको पिसीआर परीक्षणमा एकजनामा कोरोना पोजेटिभ देखिएको हो।

ललितपुर प्रहरीका एक अधिकृतका अनुसार हाल पक्राउ पर्ने गरेका व्यक्तिलाई पिसीआर परीक्षण गर्नुअघि क्वारेन्टिनमा राख्ने गरिएको छ।

पुल्चोकमा बिहीबार रातो मत्स्येन्द्र नाथको रथ तान्ने क्रममा स्थानीय र प्रहरीबीच झडप भएको थियो। त्यसक्रममा ट्राफिक प्रहरी जवान कमल घिमिरे निर्घात कुटिएका थिए।

झडपमा सहभागी प्रहरीसहित १८ जनालाई पनि कोरोना संक्रमण पुष्टि भएको छ।

घटनापछि प्रशासन र स्थानीयबीच भएको छलफलले सामाजिक दूरी र स्वास्थ्य सावधानी अपनाएर आइतबार रथ तान्ने निर्णय गरेको थियो। जसअनुसार शनिबार क्षमा पूजा र आइतबार रथ तान्ने कार्यक्रम सकिएको छ।

बेटा बेटी दोनो बराबर है। तैस बेटा बेटीमे भेदभाव नै कैरके दोके स्कुल भेजु।

# मामालाई यूट्यूवरले प्रयोग गरेकोमा आक्रोष

पथरी। छोटो समयमा चर्चामा आएका भाईरल गायक जन्तरे मामा अमिर राईलाई युटुवरले प्रयोग गरेको आरोप लागेको छ। युवा मन नेपाल लगायत केहि युटुवमा अन्तरवार्ता दिदै गित गाएका जन्तरे मामाको नारायण गोपाल संग तुलना हुदै आएको छ।

जन्तरे मामा ज:तै धेरैलाई सामाजिक संजाल फेसबुक, टिकटक र युट्युबले सेलिब्रेटी बनाएर माथी पुर्याएको छ। आफ्नो कला र गलाको सहि प्रयोग गर्न नसक्दा धेरैलाई तल पनि झारेको छ। अझै युट्युबमा त भाईरल गराएर माथी पुर्याउने र फेरि पछार्ने प्रवृति बढ्दै गैरहेको छ। लुकेको प्रतिभालाई उजागर गर्ने बाहानामा कतिपय ब्यक्तिहरु (युट्युबर)ले डलरको पछि लागे र उचाल्ने र थचार्ने पछिल्लो केही घटनालाई हेर्दा प्रष्टै बुझ्न सकिन्छ युटुव र टिकटकमा नारायण गोपालको गीत गाएर 'जन्तरे मामा'को नाममा भाईरल भएका छ। ३८ वर्षिय अमित कुमार राईमाथी पनि लफडा सुरु हुन थालेको छ। जन्तरे मामाको घरमा दैनिक युटुवरको लर्को छ। मामा पनि भाईरल भए संगै युटुवमा इन्टरभ्यू दिन भ्याई नभ्याई छन। पालो नपाएर एक युटुवरले लिएको अन्तरवाता सबै युटुवरले खिच्न थालेका छन। युटुवरले सामान्य घर परिवारका जन्तरे मामाको कला र गलाको सम्मान हैन मनोरञ्जनको साधन बनाएका छन।

दैनिक हात मुख जोड्न धै धै रहेको परिवारमा दैनिक युटुवरले घेर्ने र युटुवरको अफिस र घरमा धाउनाले परिवारमा झन समस्या परेको छ। तर यूटुवरकै कारण मामाले एउटा गित रेकड गराई सके भने अन्य गित रेकडको तयारीमा छ। युटुवमा भाईरल भए संगै मामालाई सहयोग पनि नआएको हैन. युटुवकै कारण मामाको चर्चा पनि चुलिएको हो। तर युटुवले कहिले सम्म यसरी प्रयोग गर्ने भन्दै जन्तरे मामाका भाई पर्ने कुमार राई जंगिन थालेका छन।

जन्तरे मामाको घरमा २०/२५ जना युटुवरले अन्तरबार्तामा लिई रहेको बेला भाई कुमार राईले जन्तरे मामाको मजाक उडाएर आरोप लगाए। युटुवरले डलरको खेती गरेको भन्दै अन्तरबार्ता विथोलेका छन। अन्तरबार्तामा उनका अन्य दाजुभाई अर्थात परिवारका ८ जना एकसाथ देखिएका छन। सबैले सारङी, मादल र सुरिलो स्वरमा थपडी बजाईरहेका छन्।

२०/२५ जना युटुवरको अगाडी युट्युबरको आग्रहमा भाईरल मामा अमित नाच्न समेत पछि पर्दैनन्। तर, अन्तरबार्ताकै बिचमा कुमार राई आएर जमिरहेकी साङ्गितिक माहौललाई तितरबितर बनाएको भिडियोमा देख्न सकिन्छ। समाजसेवी कुमार राई जन्तरे मामाकै पक्षमा बोल्दै युटुबरमाथी आक्रोशित भएका छन्। उनले 'तपाईहरुको कला र गला भइन्जेल युट्युबहरुले खिच्छ, पैसा कमाउछ। तपाईहरुलाई चाहिँ पछि यत्रो कोला दिन्छन' भन्दै युट्युबर प्रती आक्रोश ब्यक्त गरेका छन।

कुमारले प्रश्न गरे "अन्तरबार्ता खिचे बापत र गीत गाए बापत के कति रकम दिएको छ ? केहिदिन अघि अमितको आवाजमा पहिलो गीत पनि युट्युबमा सार्बजनिक भैसकेको छ। उक्त गीत गाए बापत उनले कति पारिश्रमिक पाए भनेर युट्युबर माझ प्रश्न तेर्स्याएका हुन।

उनले रबिना बादीको उदाहरण दिदै त्यस्तो अवस्थामा जन्तरे मामालाई पुर्याउन' हुन्न भनेर आग्रह गर्दै 'चलन्जेल चाहिँ खिच्ने खिच्ने अनि पछि चल्न छोडेपछि चाहिँ छोड्दिने ?' भन्दै प्रश्न गरे। उनले थप्दै 'जन्तरे दाइलाई सकाउन' हुदैन, आगामी दिनमा पनि जन्तरे दाईको भबिष्यको लागि राम्रो हुनुपर्छ' भन्दै सम्पुर्ण नेपालिहरुलाई ध्यानाकर्षण गरेका छन्। यस्तै उनले केही युट्युबरहरुलाई 'झन्ड' युट्युबर' भन्दै 'चलन्जेल चलाईन्छ पछि बोलाउदा खेरी फेरि आउदैन' भन्दै आक्रोश पोखे। जन्तरे मामाको भविष्यमाथी खेलवाड गर्नुभएन भन्दै युट्युबरलाई चेतावनी दिए।

जन्तरे मामालाई निश्वार्थ मिडियामा आफुले ल्याएको र पहिलो गित रेकड गराउने सल्लाह भएको कुमार राईले बताएका छन। तर केहि युटुवरले २/४ दिन सम्म मामालाई लुकाएर राख्ने र सुटुक्क गित रेकड गराएको आरोप लगाएका छन।

स्वास्थ्य नै ठूलो धन हो।
कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं;
सङ्क्रमितहरुको उच्च मनोबल राख्न हौसला प्रदान गरौं।

- कोभिड -१९ सङ्क्रमित बिरामीहरुलाई अपहेलना नगरौं।
- बिरामीहरुको दैनिकीमा ध्यान दिऔं, उनीहरुसँग बोलेर, लेखेर वा हाउभाउको माध्यमबाट स्नेह गरौं।
- कोभिड-१९ सङ्क्रमितहरुको उपचारमा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मीहरुको उच्च मनोबल कायम राख्न हौसला प्रदान गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ।

हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्धारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X-Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### सरकारको मुख्य चुनौती रोजगारी व्यवस्थापन

विश्वभरी फैलिएको कोरोना भाइरस काभिड-१९ को महामारीले रोजगारीका लागि विदेशीएका नेपाली दाजु भई घरफर्केर विरोजगार भएपछि नेपाल सरकार सामु मुख्य रुपमा दुईवटा चुनौतिहरु थपिन्छ। पहिलो त नेपालमा भित्रीने रेमिटेन्सवाट धानी रहेको अर्थतन्त्रलाई कसरी धान्ने भने अर्को समस्या भनेको विदेशवाट फर्किएका दाजुभाईहरुको रोजगारी व्यवस्थापन कसरी गर्ने रहेका छन्। ती दुईवटा समस्यालाई मध्य नजर गर्दै सोही अनुसारको नीति, नियम, योजना र कार्यक्रम तय गरी लागु गरिएमा मात्र देशको स्थितिलाई अगामी दिनमा राम्रो गर्न सकिन्छ। अहिलेको समयलाई सरकारले अवसर र चुनौतिको रुपमा पनि लिनु पर्छ। यी यस्ता समस्याका लागि तत्काली र दिघृकालीन योजना बनाएर यूवा शक्तिलाई कही अल्झाउन सक्यो भने ठीकै छ अन्यथा बेरोजगारी समस्या विकराल रुप लिन सक्छ। त्यसको लागि समयमै सचेत हुन आवश्यक छ।

जस्तोसुकै श्रम गर्न सक्ने र आफूले गरेको मेहनतकै आधारमा जीवनको यापन गर्ने यूवाहरुको संख्या उल्लेखनीय छ। उनीहरूलाई सही दिशामा डोर्‍याउन सकियो भने व्यक्ति, परिवार र समाज हुँदै मुलुकको भविष्य उज्ज्वल बनाउन सकिन्छ। तसर्थ उनीहरूका लागि रोजगारका बाटा खोज्नुपर्छ। समुन्नत मुलुक निर्माणका लागि उनीहरूको भूमिका बढाउनुपर्छ। कोभिडका कारण रोजगार गुमाएर विदेशबाट लाखौ युवा फर्कने प्रारम्भिक अनुमान छ। नेपालमा पनि बेरोजगार दर बढिरहेको छ। पछिल्लो समय युवा फर्कने क्रम बढ्दै गईरहेको छ। राज्यले सबैभन्दा पहिला विदेशबाट फर्केका र स्वदेशमा रोजगार गुमाएकाको अवस्था विश्लेषण गर्नुपर्छ।

नेपालमा धरै मन्त्रालयहरु यस्ता छन् जन कि युवा लक्षित कार्यक्रम संचालन गर्दछन् तर त्यसको उपलब्धी भनेको न्यून रहेको छ। कृषि प्रधान देश हामी भन्दछौ तर हाम्रो देशमा अर्वौको कृषि उत्पादन र खाद्ययान सामर्गीहरु विदेशवाट ल्याउन वाध्य भएको छ। ती विदेशवाट झिकाउने खाद्यान नेपालमै उत्पादन गर्न युवाहरुलाई अगाडी वढाउनु पर्छ। त्यसका लागि सवै गाउंपालिका, नगरपालिका, उपमहानगर पालिका, महानगर पालिका, स्थानीय सरकार प्रदेश सरकार र संघिय सरकारले यूवाहरुका लागि रोजगारीको सृजना गरी युवाहरुलाई व्यवस्थापन गर्न जरुरी छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:साताको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# समाजले छेउ परेका महिलाको सफलता

बसन्त प्रताप सिंह

बझाङ। बझाङको खप्तडछान्ना गाउँपालिका ७, कि सत्य चौहानको १२ वर्ष अघि छिमेकी गाउँका देव चौहानसंग माया बस्यो। त्योबेला उनको उमेर १४ वर्षमात्रै थियो। प्रेम झाँगिदै गएपछि उनले देवसंग भागेर विवाह गरिन्। जिन्दगी ठिकै चल्दै थियो। दुईटा फूलजस्ता छोरी जन्मिए। परिवारमा खुशी नै खुशी थियो।

जब देव एसएलसी पास गरेर पढ्नका लागी धनगढी गए। उनको जीवन कथाले नसोचेको मोड लियो। पढ्न गएका देव आठ महिनापछि दशैं विदामा घर फर्किए। लामो समयपछि फर्किएका श्रीमान्संगै, पहिलेजस्तै मायालु व्यवहार भने फर्किएन। उनी अर्कै भैसकेका थिए। देवको व्यवहारमा आएको यो परिर्वतन देखेर सत्य चकित भइन्।

'मलाई आफूभन्दा बढी माया गर्ने उनले घर फर्केपछि अर्कै व्यवहार देखाउन थाले। कुनै न कुनै बहाना बनाएर कुट्न थाले। 'घर छोडेर जा भन्न थाले' उनले भनिन्। एक महिना जती घर बसेर फेरि धनगढी गएका देव अर्कोपटक आउदाँ झनै क्रूर भैसकेका थिए। सत्य भन्छिन्, 'घर पुग्नेवित्तिकै अहिलेसम्म यहीँ छस्। घर छोडेर गएकी छैनस् ? भनेर कुटपिट गर्न थाले। दिनरातको पिटाईले थिलोथिलो भएँ। उनी त अर्कै केटीसंग लागेका रहेछन्। मलाई घरबाट निकाल्न पो यस्तो गरेका रहेछन्।'

छोराले अर्की भित्र्याउन लागेको कुरा थाहा पाएका सासूससुरा पनि छोराकै पक्षमा उभिए। यातनाको पारो दिनदिनै बढ्न थाल्यो। उनले थपिन्, 'शुरूका दिनमा त कुटपिटमात्र गर्थे। पछि खाना पनि नदिएर कुटन थाले। घरबाट निस्किनस् भने मारेर फाल्दिन्छौ भने।' केही समय पछि श्रीमान् घर छोडेर फेरि धनगढी गए। तैले घर नछोड्दासम्म फर्किन्न, भनेर गएका उनी लामो समय घर फर्केनन्। छोरा नफर्केपछि सासूससुराले उनीमाथि झनै याताना थोपर्न थाले। 'तेरोकारण मेरो छोरा प्रदेशी भयो। तँ घर छोडेर भागिहाल' भन्न थाले।

उनी आफ्नो घर छोडेर कान्छा ससुराको घरमा बस्न थालिन्। त्यहाँ पनि उनलाई शान्तपूर्वक बस्न दिइएन्। त्यहीँ गएर पनि कुटन थाले। श्रीमान्को घरको यातनाले थिलोथियो भएकी उनी केही सीप नलागेर माइतीको शरणमा पुगिन्। 'माइतीले पनि उतिबेला आफूखुशी विहे गरिस्, अहिले कुन नाक लिएर हाम्रो दैलोमा आउछेस् भनेर बचनले घोचे' उनले दुःखका श्रृंखला सुनाइन्।

सानैमा विहे गरेका कारण पाएको पीडा र पछुतोको भारी बोकेर उनी सदरमुकाम चैनपुर पसिन्। के खाने, कहाँ बस्ने, कुनै टुङ्गो थिएन। अनिश्चित भविश्य लिएर हिँडेकी उनलाई जिल्लामा संचालित सुरक्षित आवास गृह (सेफ हाउस)ले सहारा दियो। एकजना जानकारको सहयोगमा सेफ हाउसमा पुगेकी सत्यलाई सेफ हाउसले खाना र बस्न मात्रै दिएन, आत्मनिर्भरताको बाटोमा पनि लगायो। श्रीमान्संग कानूनी लडाई लडिरहेकै बेला उनलाई सिलाई कटाई तालिम दिनका लागि महेन्द्रनगर पठाइयो। उनले एक वर्ष त्यहीँ बसेर सिलाइको काम सिकिन्।

त्यही तालिम अहिले उनको जिउने आधार भएको छ। हाल उनी सेफ हाउसमा आउने पीडित महिलालाई आफूले सिकेको सीप सिकाउछिन्। आफ्नो कहालीलाग्दो विगत सुनाएर अरु पीडितलाई पनि आत्मनिर्भर हुन प्रेरित गर्छिन्। आफूले पनि छुट्टै सिलाई सेन्टर खोलेकी छिन्। कानूनी लडाई पनि जारी छ। यसमा उनलाई सेफ हाउसका कर्मचारीहरूले सहयोग गरिरहेका छन्। 'अब म बेसहारा छैन। कानूनी लडाई हारे पनि आफ्नो सीप चलाएर खान सक्छु' उनले भनिन्।

बझाङको तल्कोट गाउँ पालिकाकी शान्ती धामी कक्षा १० मा पढ्दै थिइन्। वर्ष दिन अघि उनको बाजुरा गौमुल गाउँ पालिकाका हरी धामीसंग प्रेम भयो। विवाह पनि गरिन्। तर उनको प्रेम धेरै टिक्न सकेन। विवाह भएको केही महिनामै श्रीमान्ले शंका गर्ने र अनावश्यक आरोप लगाउन थाले। शुरूमा आरोप मात्र लगाउने उनका श्रीमान् बिस्तारै कुटपिटमा उत्रिए। हुँदाहुँदा खाना दिन नै बन्द गरे। प्रेममा विश्वास गरेर जीवन सुम्पिएकी उनी अन्ततः ज्यान बचाउनकै लागी घर छोडेर हिँडिन्। तर जाने कहाँ ? 'घर जाउँ भने माइतीका अगाडि मुख देखाउन गाह्रो। अन्त जाने ठाउँ छैन' उनले भनिन्, 'मरौं कि बाँचौ भन्ने दोधारमा भएको बेला सेफ हाउसमा आएकी हुँ।'

श्रीमान्को यातनाबाट पीडित भएर सेफ हाउसमा पुगेकी उनलाई श्रीमान् पक्षले मानसिक यातना दिइरहेकै थिए। 'तँलाई मैले विहे गरेको हो। अन्त कसैसंग गइस् भने जारी लिन्छौ' भनेर धम्काइरहेका थिए। उनी भने प्रेमको नाटक गरेर राक्षसी व्यवहार गर्ने हरीसंग छुट्टिन चाहान्थिन्। अनि आफ्नो छुटेको पढाई शुरू गर्न चाहान्थिन्। सेफ हाउसका कर्मचारीहरूले यसमा सहयोग गरे। बाजुराको सेफ हाउस र प्रहरीसंग समन्वय गरेर उनको बालविवाह बदर गराईयो। उनका माइतीलाई सम्झाउन सेफ हाउसका परार्मशदाताहरू उनकै घर पुगे। अहिले उनी आफ्नै घरमा पढाईलाई निरन्तरता दिइरहेकी छिन्। उनी भन्छिन्, 'सेफ हाउसमा नपुगेकी भए सायद म मरिसक्थें होला।'

कक्षा ६ मा पढ्दापढ्दै प्रेम विवाह गरेकी तल्कोटकै शिल्पा सार्कीको उमेर १४ वर्षमात्रै थियो। संगै जिउने र संगै मर्ने बाचा गरेर प्रेम बन्धनमा परेकी उनले प्रेमीसंग छुट्नु पर्ला भन्ने कल्पनासम्म पनि गरेकी थिइनन्। अफसोच, भैदियो त्यस्तै।

विवाहको केही वर्षमै अर्को केटीलाई प्रेमजालमा फसाएका शिल्पाका श्रीमान्ले उनलाई भने यातना दिनथाले। यातनाले सिमा नाघ्दै गयो। हुँदाहुँदा शिल्पाकै अगाडि अर्की महिलालाई श्रीमतीको रुपमा घर भित्र्याए।

एकातिर दिनहुँको शारीरिक र मानसिक यातना, अर्कोतिर सौता। शिल्पालाई यो पीडा असह्य हुन थाल्यो। उनले अन्याय नसहने अठोटका साथ श्रीमान्विरुद्ध गाउँमै रहेको इलाका प्रहरीमा उजुरी गरिन्। प्रहरीले गाउँका मानिसहरू, पीडित र उनका माइती बोलाएर जवरजस्ती मिलापत्र गरेर पठायो। प्रहरीमा मिलापत्र गरेको भए पनि श्रीमान्को यातनाको क्रम रोकिएन। उनले उजुरी दिने र प्रहरीले मिलापत्र गरिदिने यो सिलसिला कैयौंपटक दोहोरियो। कागजमा मिल्छु भनेर प्रत्येकपटक सही धस्काउने श्रीमान्ले केही दिनभित्रै यातनाको श्रृङखला फेरि दोहोर्याउथे।

पटकपटकको प्रयासमा पनि न्याय नपाएपछि उनमा गहिरो मानसिक तनाव उत्पन्न भयो। २० वर्षको कलिलो उमेरमा कहालीलाग्दो दुःख खेपेकी शिल्पालाई पटकपटक आत्महत्या गर्ने सोच आउथ्यो, उनी आफूलाई सम्हाल्थिन्। न्यायको खोजीमा अदालत जाने उनको चाहाना 'धेरै खर्च लाग्छ, कहाँबाट ल्याउछेस् ?' भन्ने शुभचिन्तकहरूको प्रश्नले निराशामा बदि्लन्थ्यो। घर नै यातनागृह जस्तो बनेपछि उनले एकदिन घर छोडिन्, तर जाने कहाँ ?

उनको अन्तिम आसा सदरमुकाम गए न्याय पाइन्छ कि ! भन्ने थियो। महिलाको लागी काम गर्ने सेफ हाउस छ, भन्ने एक साथीको सल्लाह पछ्याउँदै उनी चैनपुर पुगिन्। सेफ हाउसका कर्मचारीले उनको पीडा सुनेपछि न्याय खोज्न सघाए। अन्ततः सेफ हाउसकै सहयोगमा चलेको अदालती प्रक्रियामा उनलाई आधा अंशसहित सम्बन्ध विच्छेद गर्ने फैसला भयो।

मनोपरामर्शकर्ताबाट पाएको साहस र आडका भरमा उनले मुद्दा मात्रै जितिनन्, गरिखाने सीप पनि सिकिन्। उनी अहिले आफ्नै सिलाइ कटाई व्यवसाय गरेर जीवन निर्वाह गरिरहेकी छिन्। मनोविर्मशकर्ता सावित्री थापा भन्छिन्, 'शुरूमा आउँदा उहाँ मानसिक रुपमा एकदमै विक्षिप्त हुनुहुन्थ्यो। सेफहाउसमै राखेर धेरै परामर्श दियौं। मुद्दा पनि जितेपछि अहिले उहाँमा छुट्टै खालको आत्मविश्वास पलाएको छ।'

शिल्पा, शान्ती र सत्यकोभन्दा फरक कथा छ, थलाराकी देवकी सिंहको। उनलाई वर्षात्को समयमा एलर्जी हुने समस्या थियो। जब बर्खा शुरू हुन्थ्यो, शरीरमा आउने सानो चिलाउने फोका शरीरभर फैलिन्थ्यो। पानी भरिएको फोका फुट्दा जिउभरी सेतैसेता दाग बस्थे।

सेफ हाउसबाट न्याय पाएकी हिंसापीडित महिला।

विडम्बना, परिवारका मानिस हरू उनको उपचार गर्नुको साटो यहीँ स्वास्थ्य समस्यालाई लिएर घृणाको पात्र बनाउथे। उनलाई कुष्ठरोग लागेको भन्दै मानसिक यातना दिन्थे। पछि त घर छोड्न भन्दै कुटपिट पनि गर्न थाले।

दुईटा छोरीकी आमा देवकीलाई मानसिक र शारीरिक पीडाले असह्य हुन्थ्यो। उनमा धेरैपटक आत्महत्याको सोच पनि नआएको होइन, तर छोरीहरूको मायाले रोक्यो। उनी घरभित्रै परित्यक्त र घृणाको पात्रमात्रै भइनन्, हुँदाहुँदा

बांकी ३ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# संघीय निजामती सेवा ऐन कर्मचारीको मनोवल खसाउने ऐन

भुवनेश्वर चौधरी

संघीय संसदको राज्य व्यवस्था तथा सुशासन समितिले असार १५ गते बहुमतले पारित गरेको संघीय निजामती सेवा ऐन जुन पारित गरेको छ त्यो त्यसले कर्मचारीहरुको मनोवल गिराउने, वृत्ति विकास रोक्ने र ट्रेड युनियनको अधिकार रोक्ने खालको छ । कर्मचारीको मनोवल खसाउने र कुण्ठित पार्ने ऐन राज्य व्यवस्था समितिले बहुमतको नाममा पास गरेको छ । यस्तो ऐनप्रति हामी सम्पूर्ण ट्रेड युनियनकर्मीहरु दु:खित छौं । सो ऐनप्रति विभागीय मन्त्रालय संसीय मामिला तथा सामान्य प्रशासनमन्त्री हृदयेश त्रिपाठीले पनि आपत्ति जनाइसक्नुभएको छ । सामान्य प्रशासनमन्त्री हृदयेश त्रिपाठीले 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सम्बन्धि राज्यव्यवस्था तथा सुशासन समितिबाट पारित प्रतिवेदनले कर्मचारी संयन्त्रलाई क्षतविक्षत बनाउने भन्दै आफूले स्वीकार नगर्ने घोषणा समेत गरिसक्नुभएको छ ।

संघिय निजामति सेवा ऐनको विधेयक २०७५ लामो समय देखी संसदको राज्य व्यवस्था तथा सुशासन समितिमा छलफलको क्रममा रहेको थियो । ऐनमा समेटिनु पर्ने विषयहरुका सन्दर्भमा निजामति क्षेत्रका क्रियाशिल राष्ट्रियस्तरका ट्रेड युनियनहरुका सरोकारका विषयमा पटक पटक सुझाव प्रस्तुत गर्दै आएको कुरा सवैलाई जानकारी गराउन चाहान्छौ ।कर्मचारी संग सम्बन्धित विषयमा प्रमुख सरोकारित पक्ष आधिकारीक ट्रेड युनियन र राष्ट्रियस्तरका ट्रेड युनियन वीच गहन छलफल तथा परामर्श हनु पर्नेमा राज्य व्यवस्था तथा सशासन समिति द्धारा निजामति कर्मचारीहरुले उपभोग गर्दै आएको ट्रेड युनियन अधिकार लगायत कर्मचारीका वृत्ति विकासका सेवा सुविधाहरुलाई कुण्ठीत गर्दै यसको अस्तित्वनै समाप्त पार्नेगरी संविधानको धारा३४ (३) र श्रम ऐन २०७४ को दफा १८० उपदफा १(ख) को विरुद्धहुने गरि संघिय निजामती सेवा ऐन को विधेयक संसदको राज्य व्यवस्था तथा शुसाशन समिति बाट २०७७।३।१५ को बैठक बाट ट्रेडयुनियनका रचनात्मक सुझाव सल्लाहलाइ वेवास्था गर्दै आम सहमति बेगर संसदिय मुल्य मान्यता विपरित समितिमा रहेका सदस्यहरुको लिखित असहमति रहँदा रहँदै बहमतको नाममा गणपुरक संख्या नरहेको अबस्थामा जबरजस्त प्रतिवेदन पारित गरेको निर्णय प्रति असहमति जनाउदै यस जिल्ला स्थित हामी क्रियासिल ट्रेड युनियनहरु खेद व्यक्त गर्दछौं ।

आम निजामती कर्मचारी हरुको आत्मसम्मान र काम प्रतिको मनोबल गिर्ने गरि राज्य व्यवस्था तथा सुशासन समिति बाट आएको बिधेयकको प्रतिबेदन प्रति सम्पुर्ण राष्ट्रसेवक निजामति कर्मचारीहरुले असहमति प्रकट गर्दै निजामति प्रशासनको अस्तित्व र साख रक्षाको लागि निजामती कर्मचारी हरुको आधिकारीक ट्रेडयुनियन केन्द्रिय कार्यसमिति द्वारा २०७७।४।१६ को जारी प्रेस विज्ञप्ती मार्फत चरण बद्धरुपमा आन्दोलनका कायक्रम सार्वजनिक भएको व्यहोरा अबगत गराउँदै यस जिल्लामा आधिकारीक ट्रेडयुनियन बर्दियाको अगुवाईमा आन्दोलनका कार्यक्रम रहेको हुँदा उक्त आन्दोलनलाई सफल र निष्कर्षमा पुर्याउन बर्दिया जिल्ला स्थित सम्पुर्ण राष्ट्रसेवक निजामती कर्मचारीहरुलाइ सहभागी भइदिन हार्दिक अपिल गर्दछौं ।

प्राप्त अधिकारको रक्षा र थप उपलब्धी संस्थागत प्रक्रियाबाट मात्र संभव छ । संघिय निजामती सेवा ऐनको विधेयकका विषयमा विभिन्न श्रेणी र पदहरुमा कार्यरत निजामती कर्मचारी हरुले दवाब समुह मार्फत अगाडि बढाईएका विषयहरु राष्ट्रिय स्तरका ट्रेडयुनियनहरुले उठाइरहेका विषयहरु हुन तसर्थ सबै समस्याको समाधान राष्ट्रिय स्तरका ट्रेडयुनियन र आधिकारिक ट्रेड यूनियन मार्फत खोज्न सम्पुर्ण निजामति कर्मचारीहरुलाई हार्दिक अपिल गर्दछौं । राज्य व्यवस्था तथा सुशासन समितिले पास गरेको आम निजामति कर्चारी विरोधि दफाहरु लाई तत्काल हटाई तपशिल वमोजिमका सुझावहरुलाई समावेश गरी संघिय निजामति सेवा ऐन जारी गर्न नेपाल सरकार संग हार्दिक अनुरोध गर्दछौ ।

लोकतन्त्र प्राप्तिकालागि कर्मचारीहरुले गरेको योगदान र राजनितिक सहमतिवाट प्राप्त निजामति सेवा ऐन २०४९ (संशोधन २०६४) मा भएको राष्ट्रिय स्तरका ट्रेड यूनियन र आधिकारिक ट्रेड यूनियनको व्यवस्था, ट्रेड यूनियनको सामुहिक सौदावाजी र सामाजिक सम्वादगर्न पाउने प्रावधान सहितको ट्रेड यूनियन अधिकार यथावत कायमगरी संघ, प्रदेश र स्थानिय तह विच ट्रेड यूनियनको अन्तर सम्बन्ध कायम हुने व्यवस्था हुनुपर्नेछ । निजामति कर्मचारी हरुको परिभाषामा संघिय कानुन बमोजिम प्रदेश र स्थानिय तहमा समायोजन भएका राष्ट्रिय किताबखानाबाट संकेत नं प्राप्त गरेका कर्मचारीहरुलाई समेटिनुपर्ने हाम्रो माग हो ।

निजामति सेवामा श्रेणी विहिन देखि रा प द्बितिय श्रेणीका कर्मचारीहरुको जेष्ठता र कार्य क्षमताका आधारमा हने वढ्वालाई निजामति सेवा ऐन २०४९ वमोजिम कायम गर्ने र सवै श्रेणी र पदमा आन्तरिक प्रतियोगितावाट प्रतिस्प्रधा गर्न पाउनुपर्ने व्यवस्था हुनुपर्ने नयाँ ऐनमा राखिनुपर्छ । निजामति सेवाको पदमा वाहल रहेका कर्मचारीलाई संघिय निजामति सेवाको पदमा प्रतिस्प्रधा गर्दा उमेरको हद नलाग्ने साविकको व्यवस्था यथावत कायम गरिनुपर्छ । कर्मचारी सरुवा प्रणालीलाई स्वचालित चक्रिय र पुर्वाअनुमान योग्य बनाउनुपर्ने आजको आवश्यकता हो । प्रदेश र स्थानीय तहमा समायोजन भएका निजामति कर्मचारीहरुलाई निश्चित समय पश्चात प्रदेश वा संघमा सरुवा हुने व्यवस्था हुनुपर्छ । (चौधरी नेपाल मधेशी निजामती कर्मचारी मञ्चका केन्द्रीय अध्यक्ष हुन् ।) (मधेश दर्पण फिचर सेवा)

# थानामा कार्यरत महिला प्रहरीका शंकास्पद मृत्यु

विश्व । भारत अरिया जिल्ला फारविसगंज प्रखण्डको सिमराहा थानामा कार्यरत महिला प्रहरीलाई उसैका घरमा डोरीले झुण्डियाएर हत्या भएको छ ।

घटनाको विवरण अनुसार थानामा कार्यरत महिला प्रहरी श्रुति कुमारीको स्थायी घर मुगेरमा छ । सन् २०१८ मा सेवा प्रवेश गरको श्रुति यसै वर्षको फरवरी २ तारिख सिमराहा थानामा पदस्थापन गरेको थियो । श्रुति चार वर्ष पहिले विहे गरेको थियो ।

सिमराहा थाना नजिकै उमेश पासवानको घर भाडामा लिएर बसेका थिए । शुक्रवार भएका घटनाको छानबीनको लागि थाना अध्यक्ष मसुद अहमद हदरी, फारविसगंज एसडीपीओ गौतम कुमार, सिओ संजीव कुमार, महिला थाना अध्यक्ष रीता कुमारी, पुलिस एशोसिएशन को अध्यक्ष बबलु कुमार लगायत घटना स्थल पुगेका थिए ।

प्रहरीले जानकारी दिए अनुसार हरेक दिन जस्तै शुक्रवार पनि महिला प्रहरी श्रुति कुमारी मेसमा खाना खान नआएपछि मोबाइलमा सम्पर्क गर्दा सम्पर्क पनि नभएपछि प्रहरीहरु श्रुति बस्ने ठाउंमा जादा त्यसको कोठा वन्द रहेको थियो ।

ढोका तोडेर हेर्दा दोपट्टाले झुण्डिएको देखिएयो । थाना नजिकै यस्तो किसिमको घटनाले स्थानीयहरुमा दहसद फैलिएको छ ।

एउटा प्रहरी जवानको घटना भएको ५ घण्टा पछि मात्र प्रहरी पुग्नु भनेको घटना शंकास्पद भएको स्थानीयको भनाई छ । अररिया एसपी हृदयकान्तले घटनाको बारेमा प्रतिक्रिया दिदै भने फोरेन्सीक टीमवाट जांच भई रहेको वताए ।

श्रुति कुमारीको पतिले नरपतगंज थानको अध्यक्ष पर आत्महत्या गर्न उस्काएको भन्दै जाहेरी दर्ता गरेको छ ।

# लागुऔषध सहित दुई पक्राउ

विराटनगर । प्रदेश नं. १ मोरङ जिल्लाको सुनवर्सी गाउँपालिका वडा नं. ८ प्रतिवन्धीत लागुऔषध सहित २ जना पक्राउ परेका छन ।

पक्राउ पर्नेमा सुनवर्सी गाउँपालिका वडा नं. ४ को सन्जु गनगाई र वडा नं. ८ को भीम कुमार मण्डल रहेका छन । ती दुवैजाना को ४ प ९४६ नम्बरको मोटरसाईकलमा सवार गरी आएका दुबै जनालाइ नियन्त्रणमा लिई चेकजाँच गर्दा उनिहरुको साथबाट ६ बोतल इस्कफ र १ सय ९० गोटी लाबोरेट-भिवेल (प्रतिबन्धित औषधी) फेला पारी बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

पक्राउ परेका दुबै जना उपर ईलाका प्रहरी कार्यालय रंगेलीबाट थप अनुसन्धान भईरहेको उक्त कार्यालयले जनाएको छ ।


## कोरोना (COVID - 19) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाइरस ?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्ते हुनु ,

3. यसबाट बच्न के–के गर्ने ?

क) साबुनपानीले राम्रोसँग हात धुने,
ख) खानेकुरा घोइपखाली राम्रोसँग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने,
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

**धनपालथान गाउंपालिका, कर्सिया, मोरंग, प्रदेश नं. १**



सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन विराटनगर, प्रदेश नं. १


## समाजले .....

श्रीमान् दिपकले सौता भित्र्याए । सौता आएपछि यातना र लान्छनाको सिलसिला झन् बढ्यो । घरमा बसे मार्छन् भन्ने लागेर एकदिन उनले पनि घर छोडिन् ।

उनी पनि पतिको घरमा पाएको पीडाको भारी बोकेर सेफ हाउसको शरणमा आइन् । केही समय सेफ हाउसकै आश्रयमा बसेकी उनी कानूनी लडाई लड्दैछिन् । त्योभन्दा ठूलो कुरा अहिले उनी आफ्नै खुट्टामा उभिएकी छन् । यूएनएपीएको आर्थिक सहयोगमा सेक्युरिटी गार्डको तालिम पाएकी उनी अहिले रोजगार भैसकेकी छिन् । आफ्नो उपचार गरेर पूर्ण स्वस्थ देवकीले दुई छोरीहरूलाई काठमाडौंकै सुविधायुक्त नीजि स्कुलमा पढाईरहेकी छिन् । 'सेफ हाउसका कारण मैले मात्रै होइन, मेरा छोरीहरूले पनि पुनर्जन्म पा ए। नभए हाम्रो विचल्ली हुने थियो' उनले खुशी हुँदै भनिन् ।

माथिका दुखान्त र उद्धारका कथाहरू चारजनाको व्यक्तिगत विवरण मात्रै हैनन् । यी बझाङ जिल्लाभरिका कैयन हिंसापीडित महिलाहरूलाई सेफ हाउसले पीडा मुक्त गरेका प्रतिनिधी घटना पनि हुन् ।

२०६९ सालमा संचालनमा आएको अल्पकालिन सुरक्षित महिला आवास गृहले बझाङ जिल्लाका यस्ता सयौं महिलाहरूको पीडामा मल्हम लगाउने काम गरेको छ । यूएनएफपीएको आर्थिक सहयोगमा संचालित यो सेफ हाउसले बलात्कार, घरेलु हिंसा, बालविवाह, बहुविवाहजस्ता घटनाले अन्यायमा परेका महिलाहरूलाई आश्रय मात्रै होइन, कानूनी सहयोग, मनोपरामर्श दिएर आत्मविश्वास भरिदिने गरेको छ । अनि सामाजिक लाञ्छना र विभेदको सिकार बनेर शिर झुकाएर हिँड्नुपर्ने बाध्यतामा परेका दिदीबहीनीलाई सीप सिक्न सहयोग गर्छ । सेफ हाउसकै कारण समाजले छेउ पारेका महिलाहरू छाती फुलाएर हिँड्न सक्ने भएका छन् ।

धेरैलाई सम्मानसहितको आत्मनिर्भर जिन्दगी जिउन सहयोग पुर्याएको सेफ हाउसले अहिलेसम्म ८ सयभन्दा बढी विभिन्न समस्यामा परेका महिलाहरूलाई सेवा दिइसकेको छ । सेफ हाउस स्थापना भएदेखी हालसम्म विचल्लीमा परेका करिब दुई सय महिलाले यहाँ आश्रय पाएका छन् । चार जना बालबालीकालाई गुणस्तरीय शिक्षामा सहयोग पुगेको छ भने १ सय ५० जना भन्दा बढीले विभिन्नखालका सीप सिकेर आत्मनिर्भर भएका छन् ।

यस्तै हिंसापीडित २९ महिलाले१० देखी २१ हजारसम्म आर्थिक सहयोग पाएका छन् । अल्पकालिन सुरक्षित महिला आवास गृहकी मनोविमर्शकर्ता सरिता ओलीका अनुसार पाँच सय भन्दा बढी घरेलु हिंसाका घटनामा मेलमिलाप गराउन सेफ हाउसले भूमिका खेलेको छ । छ सय भन्दा बढीले मनोपरामर्श सेवा पाएका छन् ।

यस्तै विभिन्न कारणले न्याय खोज्न नसक्ने ४ सय ६० जना भन्दा बढीलाई सेफ हाउसले कानूनी सेवासम्म पहुँच पुर्याइदिएको छ । ४० जना भन्दा बढीले अदालतमा गएर न्याय पाएका छन् ।

यीमध्ये अधिकांस काममा संयुक्त राष्ट्र जनसंख्या कोष (यूएनएफपीए)को सहयोग छ । 'थुप्रै पीडित दिदीबहिनीहरूको दु:खमा साथ दिन पाउँदा हामीलाई गर्व लाग्छ' सेफ हाउस प्रमुख गिता शाही भन्छिन्, 'स्थापनादेखी अहिलेसम्म यूएनएफपीएले गरेको निरन्तर सहयोगले पनि हामी यसमा सफल भएका हौं ।'

सेफ हाउसले गरेको कामको अन्य क्षेत्रमा कार्यरत व्यक्ति तथा संस्थाहरूले पनि खुलेर प्रसंशा गर्ने गरेका छन् । 'सेफ हाउस मात्रै नहुँदो हो भने धेरैजसो पीडित दिदीबहिनीको विचल्ली हुने थियो होला' जयपृथ्वी नगरपालिकाका महिला शाखा प्रमुख टिटा मगरले भनिन्, 'स्थापना भएको छोटो समयमै असाहायको सहाराको रुपमा सेफ हाउसले आफ्नो परिचय बनाईसकेको छ । यो सेवा नियमित हुनुपर्छ ।' (पत्रकार सिंह कान्तिपुर दैनिकका लागि बझाङबाट काम गर्नुहुन्छ ।) महिला खबरबाट

